# प्रविधि विकास कोष निर्देशिका, २०७०

प्रविधि विकास कोषको स्थापना र सञ्चालन गर्न आवश्यक भएकोले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "प्रविधि विकास कोष निर्देशिका, २०७०" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा,-

(क) "उद्योग" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम दर्ता भएको उद्योग सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिमको प्रविधि विकास कोष सम्झनु पर्छ ।

(ग) "प्रविधि विकास" भन्नाले व्यवसायिक वा औद्योगिक प्रयोगको लागि वैज्ञानिक, इन्जिनियरिङ्ग वा परम्परागत ज्ञान र सीपको माध्यमबाट कुनै वस्तु, प्रक्रिया, प्रयोग वा सेवाको विकास वा परिमार्जन गर्ने कार्य सम्झनु पर्छ ।

(घ) "प्रविधि कार्यालय" भन्नाले प्रविधिको पहिचान, संरक्षण, विकास, परिमार्जन, उपयोग, हस्तान्तरण वा व्यवस्थापन गर्ने उद्देश्यले विश्वविद्यालय वा अनुसन्धान कार्यसँग सम्बन्धित सार्वजनिक प्रतिष्ठानद्वारा स्थापना गरिएको कार्यालय सम्झनु पर्छ ।

(ङ) "प्रविधि हस्तान्तरण" भन्नाले प्रविधिलाई व्यवसायिक वा औद्योगिक प्रयोगमा ल्याउन गरिने कार्य सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले उद्योग मन्त्रालय सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले दफा ५ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

३. कोषको स्थापनाः (१) प्रविधि विकास तथा हस्तान्तरण गर्ने कार्यमा सहयोग पुऱ्याउने काम समेतको लागि प्रविधि विकास कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकम रहने छन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) निजी क्षेत्रका उद्योगी, व्यापारी वा व्यवसायी वा निजसँग सम्बन्धित प्रतिष्ठान वा निजले प्रतिनिधित्व गर्ने संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) कोषले उपदफा (२) को खण्ड (ख) बमोजिम रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको रकम नेपाल राष्ट्र बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

(५) कोषको खातामा रहेको रकम आर्थिक वर्षको अन्तमा फ्रिज हुने छैन ।

(६) कोषको खाताको सञ्चालन समितिको सदस्य-सचिव र मन्त्रालयको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. कोषको काम, कर्तव्य र अधिकार : कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रविधि विकास तथा हस्तान्तरण सम्बन्धी आवश्यक नीति तर्जुमा गरी स्वीकृतिको निमित्त नेपाल सरकार समक्ष सिफारिश गर्ने र नेपाल सरकारबाट स्वीकृत नीतिको कार्यान्वयन गर्ने,

(ख) नयाँ प्रविधिको विकास गर्न, भइरहेका प्रविधिको स्तरोन्नति गर्न वा नयाँ प्रविधि प्राप्त गर्ने सम्बन्धमा अध्ययन गर्ने, गराउने,

(ग) नयाँ प्रविधिको विकास गर्न, भइरहेका प्रविधिको स्तरोन्नति गर्न वा नयाँ प्रविधि प्राप्त गर्ने लागि उद्योगलाई ऋण उपलब्ध गराउने,

(घ) प्रविधि कार्यालय स्थापना गर्न, प्रविधिको विकास गर्न, प्रविधिलाई औद्योगिक वा व्यापारिक प्रयोजनयोग्य बनाउन वा प्रविधि हस्तान्तरण गर्ने सम्बन्धमा प्रविधि कार्यालयलाई अनुदान प्रदान गर्ने,

(ङ) कोषबाट ऋण वा अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा आवश्यक मापदण्ड बनाई लागू गर्ने,

(च) कोषबाट प्रदान गरिने अनुदान तथा ऋण रकमको सीमा र ऋण वापत लिइने ब्याजदर निर्धारण गर्ने,

(छ) कोषबाट ऋण उपलब्ध गराउन बैंकको छनौट गर्ने,

(ज) प्रविधि विकास तथा प्रविधि हस्तान्तरण सम्बन्धी कार्यमा विशेष योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई पुरस्कृत गर्ने,

(झ) कोषबाट सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(ञ) प्रविधि विकास तथा हस्तान्तरण सम्बन्धमा विभिन्न निकायबाट भइरहेका काम कारवाही सम्बन्धी सूचना संकलन गर्ने,

(ट) औद्योगिक सम्पत्ति सम्बन्धी अधिकारको दर्ता गर्ने प्रक्रियाका सम्बन्धमा सम्बन्धित व्यक्ति वा संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउने,

(ठ) प्रविधि विकास तथा हस्तान्तरण सम्बन्धी अन्य आवश्यक काम गर्ने ।

५. <u>समितिको गठन</u> : (१) कोषको तर्फबाट सम्पूर्ण काम कारबाही गर्न एक सञ्चालक समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -अध्यक्ष |
| (ख) | डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक | -सदस्य |
| (ग) | सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (घ) | सहसचिव, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | -सदस्य |
| (ङ) | सहसचिव, कृषि विकास मन्त्रालय | -सदस्य |
| (च) | प्रतिनिधि, नेपाल उद्योग तथा वाणिज्य महासंघ | -सदस्य |
| (छ) | प्रतिनिधि, नेपाल उद्योग परिसंघ | -सदस्य |
| (ज) | प्रतिनिधि, नेपाल घरेलु तथा साना उद्योग महासंघ | -सदस्य |
| (झ) | इञ्जिनियरिङ्ग, कृषि, वन, चिकित्साशास्त्र जस्ता प्राविधिक संकाय सञ्चालन गरेका विश्वविद्यालयमध्येबाट मन्त्रालयले तोकेका तीनवटा विश्वविद्यालबाट कम्तीमा एक जना महिला सहित तीनजना विशेषज्ञ प्रतिनिधि | -सदस्य |
| (ञ) | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको विज्ञ प्रतिनिधि | -सदस्य |
| (ट) | महाशाखा प्रमुख, प्रविधि महाशाखा, उद्योग मन्त्रालय | -सदस्य सचिव |

६. <u>समितिको बैठक र निर्णय</u> : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षको सहमति लिई समितिको सदस्य-सचिवले बोलाउनेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनुपर्नेछ ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत समेत दिनेछ ।

(७) समितिले आवश्यकतानुसार नेपाल सरकारको कुनै पदाधिकारी, कर्मचारी वा अन्य सम्बद्ध व्यक्ति तथा विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. शर्तहरु निर्धारण गर्न सक्ने: (१) समितिले कोषबाट ऋण वा अनुदान उपलब्ध गराउने सम्बन्धमा ऋण वा अनुदान प्राप्त गर्ने उद्योग वा प्रविधि कार्यालयले पालना गर्नुपर्ने शर्तहरु निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले निर्धारण गरेका शर्तहरुको पालना गर्नु सम्बन्धित उद्योग वा प्रविधि कार्यालयको कर्तव्य हुनेछ ।

८. बैंक मार्फत ऋण प्रदान गर्ने: (१) समितिले यस निर्देशिका बमोजिम उद्योगलाई ऋण उपलब्ध गराउँदा बैंक मार्फत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम ऋण प्रदान गर्दा कोषले छनौट गरेको बैंकसँग सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गरिने सम्झौतामा अन्य कुराको अतिरिक्त कोषबाट उपलब्ध गराइने ऋणको प्रक्रिया, धितो वा जमानत वापत लिइने जेथा, सो जेथाको मूल्यांकन गर्ने तरिका तथा प्रचलित कानून बमोजिम ऋण र व्याज असुल उपर गर्ने लगायतका विषय उल्लेख गरिनेछ ।

९. प्रस्ताव पेश गर्नु पर्ने: (१) कोषबाट ऋण वा अनुदान प्राप्त गर्न चाहने उद्योग वा प्रविधि कार्यालयले सो व्यहोरा उल्लेख गरी समितिले निर्धारण गरेको ढाँचामा कोष समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको प्रस्ताव समितिबाट निर्धारित आधार र मापदण्ड बमोजिम मूल्यांकन गर्दा प्रस्तावकलाई ऋण वा अनुदान उपलब्ध गराउन मनासिब देखिएमा समितिले त्यस्तो प्रस्तावकलाई ऋण वा अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम ऋण वा अनुदान उपलब्ध गराउँदा प्रस्तावकले पालना गर्नु पर्ने शर्तहरु सहितको विषयमा समितिले त्यस्तो प्रस्तावकसँग सम्झौता गर्नु पर्नेछ ।

१०. अनुगमन गर्न सक्ने : (१) कोषको ऋण वा अनुदानमा उद्योग वा प्रविधि कार्यालयबाट सञ्चालित कार्यक्रम नियमित रुपले सञ्चालन भए नभएको सम्बन्धमा समितिले समय समयमा अनुगमन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा वा गराउँदा कुनै उद्योग वा प्रविधि कार्यालयले यस निर्देशिका विपरीत कुनै काम कारवाही गरेको देखिएमा समितिले त्यस्तो कार्य सुधार गर्न समयावधि तोकी त्यस्तो उद्योग वा प्रविधि कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिइएको समयावधिभित्र पनि कुनै उद्योग वा प्रविधि कार्यालयले आफ्नो काममा सुधार नगरेमा समितिले निजलाई उपलब्ध गराइएको अनुदान वा ऋणको रकम फिर्ता गर्ने आदेश दिन सक्नेछ ।

११. उपसमिति गठन गर्न सक्ने : (१) समितिको काममा सघाउ पुऱ्याउन समितिले सम्बन्धित विषयका विज्ञ र कर्मचारी रहेको एक उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको उपसमितिको काम, कर्तव्य, अधिकार तथा अन्य व्यवस्था त्यस्तो उपसमिति गठन गर्दाका बखत समितिले निर्धारण गरी बमोजिम हुनेछ ।

१२. कोषको लेखा र लेखापरीक्षण : (१) कोषको लेखा नेपाल सरकारको स्वीकृत लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

१३. अधिकार प्रत्यायोजन गर्न सक्ने : समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, सदस्य, सदस्य-सचिव वा दफा ११ बमोजिम गठन भएको उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. कोषको सचिवालय: (१) कोषको सचिवालय मन्त्रालयमा रहनेछ ।

(२) कोषको काम कारवाहीलाई सुचारु रुपले सम्पादन गर्न आवश्यक पर्ने कर्मचारी तथा कोषको प्रशासनिक खर्चको लागि आवश्यक बजेटको व्यवस्था मन्त्रालयले गर्नेछ ।

१५. निर्देशन दिन सक्ने : नेपाल सरकारले कोषको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१६. प्रतिवेदन पेश गर्नु पर्ने: कोषबाट ऋण वा अनुदान प्राप्त गर्ने उद्योग वा प्रविधि कार्यालयले प्रत्येक छ महिनामा आफूले गरेको काम कारवाहीको प्रगति विवरण समिति समक्ष पेश गर्नु पर्नेछ ।

१७. कार्यविधि बनाउन सक्ने: समितिले कोषबाट अनुदान वा ऋण उपलब्ध गराउने तथा सोको प्रयोजनको लागि प्रस्तावको मूल्यांकन गर्ने वा छनौट गर्ने लगायत निर्देशिकाको कार्यान्वयनको लागि आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।